मण्डनदेउपुर नगरपालिकाको विपद् व्यवस्थापन समितिको मिति २०७६/१२/१६ गतेको आकस्मिक बैठकको निर्णयहरू:

निर्णयहरू:

१. यस नगरपालिका र नगरपालिका अन्तरगतका समितिहरूले गरेका निर्णयहरू कार्यान्वयन गर्ने जिम्मेवारी सम्पूर्ण वडाध्यक्षहरू, वडा सदस्यहरू र नगरसभा सदस्यहरू लगायतका जनप्रतिनिधिहरूको हुने र सो को लागि जवाफदेहि रहनुपर्ने निर्णय गरियो।

२. यस नगरपालिका द्वारा संचालित क्वारेन्टाइनमा खटिने सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरूका लागि नगरपालिकाले खाना तथा आवासको व्यवस्था गर्ने निर्णय गरियो।

३. यस नगरपालिकाद्वारा संचालित क्वारेन्टाइनमा सुरक्षाकर्मीका साथसाथै तीन (३) जना स्वास्थ्यकर्मी पनि खटिनुपर्ने र खटिएका सुरक्षाकर्मी र स्वास्थ्यकर्मीहरूको जिवन विमा गर्ने र निजहरूको विमा गरेवापत तिर्नुपर्ने आवश्यक प्रिमियम रकम नगरपालिकाले विपद् व्यवस्थापन कोषबाट व्यहोर्ने जिवन विमा पाँच लाख बराबरको रहने।

४. यस नगरपालिकाद्वारा कोरोना संक्रमण रोकथामका लागि खटाइएका र नगरपालिकाद्वारा संचालित क्वारेन्टाइनमा कार्यरत कर्मचारीहरू, सुरक्षाकर्मीहरू र स्वास्थ्यकर्मीहरूलाई नेपाल सरकारले तोकेको मापदण्ड अनुसारका थप सेवा सुविधाहरू यस नगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी उपलब्ध गराउने निर्णय गरियो।

५. अर्को व्यवस्था नभएसम्मका लागि मिति २०७६/१२/१८ गते राति १२ बजेबाट लागू हुने गरी यस नगरपालिकामा सबै किसिमका आवतजावत बन्द गर्ने गरी यस नगरपालिकाका सम्पूर्ण सिमानाकाहरू बन्द गर्ने निर्णय गरियो।

६. यस नगरपालिका अन्तरगतका सम्पूर्ण स्वास्थ्य संस्थाहरूमा सरसफाई का लागि र कोरोना संक्रमण रोकथामका लागि हात धुनका लागि सम्पूर्ण सामाग्रीहरूको व्यवस्था गर्ने निर्णय गरियो।

७. यस नगरपालिकाको मिति २०७६/१२/१० गतेको विपद् व्यवस्थापन समितिको

निर्णयानुसार स्थापना गरिएका स्वास्थ्य सहायता कक्ष (Health Desk) हरू अत्यावश्यक बाहेक बन्द गर्ने निर्णय गरियो।

८. यस नगरपालिका अन्तरगत कार्यरत नगरप्रहरीहरूलाई ~~सुरक्षार्थ~~ नेपाल प्रहरी अन्तरगतका सुरक्षाकर्मीहरू संगै नगरक्षेत्र भित्र परिचालन गर्ने निर्णय गरियो।

९. मिति २०७६।१२।१८ गतेका दिन यस नगरपालिका अन्तरगतका सम्पूर्ण वडाहरूमा सम्बन्धित वडाका वडाध्यक्षहरूको अध्यक्षतामा सुरक्षाकर्मीका प्रतिनिधि सहितको संयुक्त बैठक बसी सुरक्षाका लागि आवश्यक निर्णयहरू गरी सूचना सार्वजनिक गर्ने निर्णय गरियो।

१०. नगरपालिकाद्धारा संचालित क्वोरेन्टाइनमा स्वास्थ्यकर्मीहरू २४ सै घण्टा खटिनुपर्ने र खटिएका स्वास्थ्यकर्मीहरूको कार्य जिम्मेवारी र कार्य समय तालिका स्वास्थ्य शाखाले तोकेनुसार हुने निर्णय गरियो।

११. यस नगरपालिकामा विदेशबाट फर्केर होम क्वोरेन्टाइनमा रहेका व्यक्तिहरूको हकमा सम्बन्धित वडाका वडाध्यक्ष, स्वास्थ्यकर्मी र सुरक्षाकर्मीहरू वा सुरक्षाकर्मीका प्रतिनिधि र जनप्रतिनिधिहरूको टोलीले नियमित अनुगमन गर्ने निर्णय गरियो।

१२. यस नगरपालिका अन्तरगतका मुख्य-मुख्य चोकहरूमा कोरोना संक्रमण रोकथामका लागि Disinfection Spray छर्कने व्यवस्था गरी नियमित रूपमा संचालन गर्ने निर्णय गरियो।

१३. उल्लेखित निर्णयहरू यस नगरपालिकाको कार्यपालिकाको बैठकमा अनुमोदनको लागि अनुरोध गर्ने निर्णय गरियो।